NSW Health

# BCG बेसिल क्याल्मेट-गुएरिन क्षयरोग (TB) को लागि खोप

## बिरामी र परिवारहरूको लागि जानकारी

**Bacille Calmette-Guérin (BCG) Vaccination for Tuberculosis (TB)**
**Information for patients and families**

Nepali

## BCG खोप को बारेमा

TB ((क्षयरोग) को खोपलाई बेसिल क्याल्मेट-गुएरिन (BCG) खोप भनिन्छ। TB हावाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने TB ब्याक्टेरियाका कारणले हुने एक रोग हो। फोक्सोको TB सबैभन्दा सामान्य प्रकार हो TB यद्यपि यो शरीरको कुनै पनि भागमा हुन सक्छ र यसले गम्भीर बिमारी निम्त्याउन सक्छ। TB रोगलाई विशेष एन्टिबायोटिकको सहायताले निको पार्न सकिन्छ। अधिक जानकारी health.nsw.gov.au/tb मा उपलब्ध छ।

BCG खोप वयस्कहरूमाभन्दा शिशु र बालबालिकामा बढी प्रभावकारी हुन्छ। BCG खोपले साना बालबालिकाहरूमा गम्भीर प्रकारका TB (जस्तै मस्तिष्कको TB) विरुद्ध ७०% भन्दा बढी सुरक्षा प्रदान गर्दछ । BCG खोप पाखुराको छालाको ठीक मुनि इन्जेक्सनद्वारा लगाईन्छ।

BCG खोपले TB विरूद्ध सुरक्षा प्रदान गर्न ३ महिनाको समय लाग्न सक्छ। सामान्यरूप TB देखा परिरहने देशमा यात्रा गर्नुभन्दा ३ महिना अघि BCG खोप लगाउनु पर्दछ। समयसँगै BCG खोपको प्रभावकारिता, सामान्यतया ५ देखि १५ वर्षभित्रमा, हराउँदै जान्छ।

### जीवित खोप

BCG एक जीवित खोप हो। एकभन्दा बढी जीवित खोप इन्जेक्सनको आवश्यकता पर्ने व्यक्तिहरूले या त:

- सबै जीवित खोपहरू एकैदिन लगाउनु पर्छ, वा
- BCG र ईन्जेक्सन मार्फत् लगाईने अन्य जीवित खोपहरूको बीचमा कम्तिमा 4 हप्ताको अन्तराल राख्नुपर्छ।

### TB लक्षणहरूका बारेमा हेर्नुहोस्

BCG खोपले TB हुने जोखिमलाई पूर्ण रूपमा रोक्न नसक्ने भएकाले कृपया TB का लक्षणहरूबारे सचेत हुनुहोस् र यदि यी लक्षणहरू देखापरेमा चिकित्सकीय सेवा लिनुहोस्। TB का लक्षणहरूमा ज्वरो आउने, तीन हप्ताभन्दा लामो समयसम्म खोकी लाग्ने, खकारमा रगत देखिने, राती पसिना आउने, कुनै कारण बिना तौल घट्ने र थकान महसुस हुने आदि पर्दछन्।

## BCG खोप कसले लगाउनुपर्छ?

एन.एस.डब्ल्यू.मा निम्न व्यक्तिहरूका लागि BCG खोप सिफारिस गरिएको छ:

- ५ वर्षभन्दा कम उमेरका बालबालिकाहरू जो ४ हप्ता वा बढी समयका लागि TB देखिने देश वा देशहरूमा यात्रा गर्न गइरहेका छन् जहाँ उनीहरूको जीवनको पहिलो ५ वर्षसम्म TB सामान्यरूपमा देखिन्छ।
- ५ वर्षभन्दा कम उमेरका बालबालिकाहरू जसलाई अष्ट्रेलियामा TB निरन्तर जोखिम भनेर TB सेवाहरूले मानेका छन्
- ५ वर्षभन्दा कम उमेरका बालबालिकाहरू जो ह्यान्सेन (Hansen's) रोग (कुष्ठरोग) भएको व्यक्तिसँग बस्छन्
- BCG खोप आवश्यक पर्ने वा कडा रूपमा सिफारिस गरिएको देशमा काम गर्न विदेश यात्रा गर्ने स्वास्थ्यकर्मीहरू।

TB सामान्य रूपमा देखा पर्ने देशहरूको जानकारी health.nsw.gov.au/tb-countries मा पाउन सकिन्छ

© NSW Ministry of Health. SHPN (CDB) 230057-8. August 2023

## खोप लगाउनु अघिको मूल्यांङ्कन

निम्न अवस्थाहरूमा तपाईं वा तपाईंको बच्चाले BCG खोप लगाउनु अघि ट्यूबरकुलिन छाला परीक्षण (Mantoux परीक्षण वा TST) गर्नु आवश्यक हुन्छ:

- TB सामान्य भएको देशमा जन्मिनु भएको भएमा
- TB सामान्य भएको देश वा क्षेत्रमा बसोबास गरेको वा यात्रा गरेको भएमा
- फोक्सोको TB भएको व्यक्तिसँग नजिकको सम्पर्कमा रहनु भएमा।

यदि तपाईंको ट्युबरकुलिन छाला परीक्षणको पोजेटिभ (positive) नतिजा आएमा, रोग प्रतिरोधात्मक क्षमता कम भएमा वा ज्वरो आएको छ भने BCG खोप लगाउन सिफारिस गरिंदैन।

## BCG खोप लगाएपछिको घाउ

खोपपछि सुई लगाएको ठाउँमा घाउ हुनु सामान्य कुरा हो। साधारणतया, केही हप्तापछि त्यो रातो दाना (red bump) जस्तो बन्छ, त्यसपछि खुल्लारूपमा सुनिने हुन्छ र केही महिनापछि यो सानो सपाट दाग भएर निको हुन्छ। यदि २ देखि ३ दिन भित्र नै घाउ बन्न थालेमा यसलाई छिटो वा द्रुत प्रतिक्रिया मानिन्छ र खोप लगाएको क्लिनिकमा सम्पर्क गर्नु महत्त्वपूर्ण हुन्छ।

यदि तपाई वा तपाईंको बच्चालाई खोप लगाएको ६ हप्ताभित्र BCG पछि हुने घाउ भने सो खोप लगाउने क्लिनिकमा फोन गर्नुहोस्। केही मानिसहरूमा यो खोपको प्रतिक्रिया अलि बिस्तारै हुनसक्छ। निकै कम अवस्थामा, मानिसमा यो खोपको प्रतिक्रिया नदेखिने, BCG पछि हुने घाउ नहुने हुनसक्छ र TB बाट सुरक्षित नहुन सक्छन्। यदि तपाईंमा खोपको प्रतिक्रिया देखिएन भने, पुन: खोप लगाउन सिफारिस गरिँदैन।

### BCG खोप लगाएपछिको घाउको हेरचाह कसरी गर्ने

- घाउ वरिपरि सफा र सुख्खा राख्नुहोस्
- नुहाएपछि वा सावर (shower) लिएपछि घाउ वरिपरि कपडाले हल्कासँग थपथप्याउँदै सुख्खा पार्नुहोस्
- सम्भव भएसम्म घाउलाई खुला राख्नुहोस्
- प्लास्टिक ड्रेसिंग वा 'Band-Aids' जस्ता टाँसिने प्लास्टरहरू घाउमा लगाउनु हुँदैन
- क्रिम वा मलमको प्रयोग नगर्नुहोस्।

यदि घाउबाट तरल पदार्थ बग्न थाल्यो भने तपाईंले त्यसलाई खुकुलो र किटाणुमुक्त (sterile) कपडा (उदाहरणका लागि gauge) को टुक्रालाई किनाराबाट हावा पस्न सक्नेगरि टेप लगाएर ढाक्न सक्नुहुन्छ।

तपाईं आफ्नो सबै सामान्य गतिविधिहरू जस्तै स्नान, सावर (shower), पौडी, र खेलकुद जारी राख्न सक्नुहुन्छ। अधिक जानकारीको लागि health.nsw.gov.au/bcg-sore मा जानुहोस्।

## के BCG खोपको कुनै दुष्प्रभावहरू छन्?

तपाई र तपाईंको बच्चा आफ्नो सबै सामान्य गतिविधिहरू जस्तै स्नान, सावर (shower), पौडी, र खेलकुद जारी राख्न सक्नुहुन्छ।

- छिटो वा द्रुतमा BCG खोपले गर्दा हुनसक्ने घाउ
- दुख्ने, रातो तथा सुन्निने BCG खोपले गर्दा हुने घाउ
- काखीमुनि वा घाँटीका ग्रन्थिहरू सुन्निने
- सूई हानेको ठाँउको छालामा स्पष्ट देखिने दाग, केलोइड स्कारिङ्ग (keloid scarring) पनि भनिन्छ।

निकै दुर्लभ अवस्थामा, यो खोप लगाउँदा व्यापकरूपमा फैलिने BCG संक्रमण हुन सक्छ जुन एन्टिबायोटिक मार्फत उपचार गर्न सकिन्छ।

यदि तपाईंलाई कुनै चिन्ता छ वा कुनै दुष्प्रभावहरूको अनुभव गरिरहनुभएको छ भने, कृपया तपाईं वा तपाईंको बच्चाले खोप लगाएको क्लिनिकमा सम्पर्क गर्नुहोस् वा कार्यालय समयपछिको स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुहोस्।

TB को बारेमा थप जानकारी वा तपाईंको स्थानीय TB क्लिनिकको सम्पर्क विवरणको लागि, निम्न वेवसाईटमा जानुहोस्:
www.health.nsw.gov.au/Infectious/tuberculosis/

© NSW Ministry of Health. SHPN (CDB) 230057-8. August 2023